# नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) धादिङवेसी, धादिङ (संख्याः ११ मितिः २०८२।१०।०४


## भाग २

नीलकण्ठ नगरपालिका

नीलकण्ठ नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७९ पहिलो संशोधन गर्न वनेको **नीलकण्ठ नगरपालिकाको शहरी योजना तथा भवन निर्माण (पहिलो संशोधन, २०८२) मापदण्ड, २०७९**

<u>नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०९।३०</u>

नीलकण्ठ नगरपालिकाको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७९ मा नगरपालिका भित्र व्यक्ति वा अन्य सरकारी/गैर सरकारी/अर्ध सरकारी/सहकारी वा संघ सस्थाको जग्गा भाडा (Lease Agreement) मा लिई भवन/ अन्य संरचना निर्माण गर्नका लागि घर नक्शा पास गर्न देहाय बमोजिमको व्यवस्था राखि संशोधन गर्नका लागि नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले **नीलकण्ठ नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७९ को दफा ७ बमोजिम यो मापदण्ड वनाई लागू गरेको छ।**

१. **संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम **"नीलकण्ठ नगरपालिकाको शहरी योजना तथा भवन निर्माण (पहिलो संशोधन, २०८२) मापदण्ड, २०७९"** रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. नीलकण्ठ नगरपालिकाको नीलकण्ठ नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७९ को मूल मापदण्डको दफा ५ पछि देहाय बमोजिम हुने गरी दफा ५ क थप गरिएको छः

**"दफा ५ क : भाडामा जग्गा लिई भवन तथा अन्य संरचना निर्माणको नक्शा पास गर्न सकिनेः**(१)यस नगरपालिका भित्र व्यक्ति वा अन्य सरकारी/गैर सरकारी/अर्ध सरकारी/सहकारी

वा संघ सस्थाको जग्गा भाडा (Lease Agreement) मा लिई भवन तथा अन्य संरचना निर्माण गर्नका लागि घर नक्शा पास गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम जग्गा भाडामा लिएको/दिएको स्थानमा घर वा अन्य संरचना निर्माणको नक्शा पास गर्दा देहाय बमोजिम हुनेछः

**(क)** नगरपालिका क्षेत्र भित्र जग्गा लिज करार गरी घर/भवन तथा अन्य संरचना निर्माण गर्न लिएको हकमा लिजदाता (लेस्सर) र लिज प्राप्तकर्ता (लेस्सी) को सम्झौता पत्र मुलुकी देवानी संहिता -२०७४ को परिच्छेद-१२ बमोजिम हुनुपर्ने छ। लिज करार सम्झौता सर्त सहित घर/भवन नक्शा पासको लागि पेश भएमा नीलकण्ठ नगरपालिकाको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७९ बमोजिम बन्ने घर/भवनको नक्शा जग्गाधनी-लिज दाता (लेस्सर) र घरधनी - लिज प्राप्तकर्ता (लेस्सी) को नाममा घर/भवन नक्शा पास गर्न सकिनेछ। यसरी नक्शा पास गर्दा पेश भएको घर नक्शामा र प्रमाण-पत्र मा लिजदाता (लेस्सर) र लिज प्राप्तकर्ता (लेस्सी)बिचको लिज करार बमोजिम हुनेछ भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

**(ख)** लिजदाता (लेस्सर) र लिज प्राप्तकर्ता (लेस्सी) बिच भएको लिज करार पत्रमा उल्लेखित व्यवस्था अनुसार भवन निर्माण तथा नक्शा पास गर्न सकिने तर औधोगिक वा पूर्वाधार संरचना/घर भवन नक्सा पास गर्न लिएको जग्गा भए लिज करार पत्रमा घर/भवन नक्शा पास गर्न सकिनेछ भन्ने व्यहोरा उल्लेख हुनु पर्ने छ।

**(ग)** घर/भवन नक्शा पास दस्तुरः- नीलकण्ठ नगरकार्यपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुने छ।

(घ) लिज करार सम्झौता अवधी समाप्त भएपछि वा बिचमा लिज करार भंग भएमा दुवै पक्षको सहमतिमा यस कार्यालयबाट पास भएको घर/भवनको नक्शा नियमानुसार दस्तुर लिई लिज दाताको नाममा नामसारी गरिनेछ।"

**आज्ञाले,**

**हरिदत्त कंडेल**

**प्रमुख प्रशासकीय अधिकृत**